नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक ५७ | २०७९ साल असोज ७ गते शुक्रबार (23 Sep 2022 Friday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : 'आयोगले अपेक्षितरूपमा.. ३ पृष्ठमा : दिगो विकासका लागि सामाजिक... ३ पृष्ठमा : सुडानमा बाढीबाट एक सय ...

# न्याय नपाएको भन्दै साह दम्पत्तिद्वारा अदालत अगाडी अनसन




**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

न्यायका लागि एक दम्पत्ति बिहीबार जिल्ला अदालत सप्तरी अगाडी अनसनमा बसेका छन् ।

राजविराज वडा नं. ४ निवासी दिनेशप्रसाद साह र उनकी श्रीमती आंश मुद्दामा लामो समयदेखी न्याय नपाएको भन्दै अदालतको मूल गेट अगाडी बिहान १० बजेदेखी अनसनमा बसेका हुन् ।

अदालतबाट वादी दिनेश प्रसाद साह बिरुद्ध उमेश प्रसाद साह भएको २०६३ सालको सा.देन. २३४३ को अंश मुद्दामा २०६४ साल मंसिर २५ गते दुबै दाजु भाईलाई ४-४ धुर जग्गा हुने गरि फैसला भएपनि सो फैसला अझै कार्यान्वयन हुन नसकेको भन्दै बाध्य भई अनसनमा बस्नु परेको दिनेश साहले जानकारी दिए ।

जिल्ला अदालतका न्यायाधिश डा. राजेन्द्र कुमार आचार्यद्वारा २०७९ असोज ६ गते जारि आदेशमा "२०६४ सालको फैसला हालसम्म कार्यान्वयन नहुनु भनेको न्यायको रोहमा अस्वभाविक अवस्था हो ।" उल्लेख छ ।

सोही आदेशमा "आफूले तिर्नु बुझाउनु पर्ने विषयमा समयमै बुझाएर फरफारक गर्नु प्रतिवादीको समेत कर्तवय रहेको छ । आफू पीडकको अवस्थामा रहेकोमा पीडितलाई न्यायालयको फैसला सम्मान गरेर समय मै कार्यसम्पन्न गर्नु पर्नेमा सो नगरि यो वा त्यो वहानामा फैसला कार्यान्वयनमा घिङ्न्याई गर्न खोज्नाले न्यायलयप्रतिको जनआस्थामा समेत आँच आउने विषय रहेको छ ।"

"फैसला कार्यान्वयनको प्रक्रियामा दोश्रो पटक चलन आउने कार्यले यी प्रतिवादीको कार्य व्यवहार सही छ भनेर भन्न सकिने अवस्था देखिएन । न्यायलयले चलनका कारवाहीका क्रममा जारी सूचनाहरुमा सानोतिनो झिनामसिना कुराहरु खोजेर समग्र फैसला कार्यान्वयनमा अवरोध गर्न खोज्नु शोभनिय कार्य होइन ।" आदेशमा भनिएको छ ।

त्यस्तै आदेशमा "यस अदालतबाट फैसला कार्यान्वयन तथा चलनका सम्बन्धमा भएको काम कारवाहीमा बेरितको सूचना बदर गर्न भनि प्रस्तुत गरेको निवेदनमा यस अदालतका तहसिलदारले मिति २०७९/३/२७ मा गरेको आदेशमा कुनै त्रृटी नदेखिदा सो आदेश बदर गर्नु पर्ने अवस्था देखिएन्, आदेश सदर हुन्छ । फैसला कार्यान्वयनको क्रममा ढोका ताल्चा समेत खोली फोडी जे जो गर्नु पर्ने गरि फैसला कार्यान्वयन गर्नु ।" भनिएको छ ।

यसैबीच अनसनमा बसेका साह दम्पत्तिलाई जिल्ला अदालतका न्ययाधिशहरुले अनसन तोडेर अदालतको फैसलाको सम्मान गर्न आग्रह गरेपछि दिउँसो उनीहरु उच्च अदालत जनकपुर राजविराज अगाडी अनसनलाई निरन्तरता दिएका थिए । तर त्यहा पनि उच्च अदालतका न्यायधिशहरुले आउँदो असोज २७ गते हुने पेशीमा न्याय पाउने विश्वास दिलाएपछि साँझ अनसन तोडिएको साह दम्पत्तिले जानकारी दिए ।

# १५ दिनमै सप्तरीका सिडिओको सरुवा नयाँ सिडिओ थापा आइपुगे

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज ।**

सप्तरीका प्रमुख जिल्ला अधिकारी (सिडिओ) नुरहरि खतिवडाको १५ दिनमै सरुवा भएको छ ।

भदौं २२ गते सप्तरीका प्रजिअ जनार्दन गौतमको सरुवा भएपछि उनको स्थानमा संखुवासभाबाट सरुवा भई आएका खतिवडाको पनि सरुवा भएको छ । उनको मधेश प्रदेश मुख्यमन्त्री कार्यालयमा सरुवा भएको हो ।

प्रजिअ खतिवडाको सप्तरीमा सरुवा भएपछि उनी एक हप्ता अघि मात्र कामकाज सम्हालेका थिए । यसअघि एक बर्षे कार्यकाल बिताएका जनार्दन गौतमको उदयपुर सरुवा भएको थियो ।

यता बिहीबार दिउँसो नयाँ सिडिओ भुपेन्द्र थापा जिल्ला आइपुगेका छन् । उनी जिल्ला आउने बित्तिकै छिन्नमस्ता भगवतीको दर्शन गरि आवास पुगेपछि कर्मचारीहरुले स्वागत गरेका थिए ।

# बारामा ४४ जनामा डेङ्गु पुष्टि

कलैया, ६ असोज (रासस) ।

बारामा डेङ्गुको प्रकोप बढ्दै गएको छ । डेङ्गुका बिरामी बढ्न थालेपछि सर्वसधारणमा त्रास छाएको छ ।

बारामा गत भदौ २८ गतेदेखि परीक्षण हुन थालेपछि अहिलेसम्म डेङ्गुका ४४ बिरामी फेला परेको जिल्ला जनस्वास्थ्य कार्यालयका निमित्त प्रमुख रामनरेशप्रसाद यादवले जानकारी दिनुभयो । उहाँका अनुसार कलैया अस्पतालमा ११ जना, जनस्वास्थ्य कार्यालयमा नौ र निजगढमा २४ डेङ्गुका बिरामी फेला परेका छन् ।

केही उपचारपछि घर फर्केका छन् भने कतिपयको प्रदेशिक अस्पताल कलैयामा उपचार भइरहेको यादवले बताउनुभयो ।

डेङ्गु परीक्षण गर्न कीटको अभाव भएको छ । कीट आपूर्तिका लागि सम्बन्धित निकायलाई जानकारी गराएको यादवले बताउनुभयो । डेङ्गु अझै बढ्न सक्ने उहाँको भनाइ छ । बारामा डेङ्गुबाट अहिलेसम्म कोहीको पनि मृत्यु भएको छैन ।

डेङ्गुबाट बच्न घर वरपर सरसफाइ, पूरै शरीरभरि कपडा लगाउन, खाल्डाखुल्डीमा पानी जम्न नदिन र सावधानी अपनाउन प्रदेशिक अस्पताल कलैयाका डा विकेश पाण्डेयले सुझाव दिनुभएको छ ।



# ‘आयोगले अपेक्षितरूपमा काम गर्न सकेनन्’

काठमाडौँ, ६ असोज (रासस) ।
नागरिकको अधिकारको संरक्षण र राजनीतिक आन्दोलनबाट प्राप्त भएको उपलब्धिको प्रतिफलको समन्यायिक वितरणका लागि स्थापना भएका आयोगको भूमिका प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको छ ।

‘संविधानवाद र लोकतन्त्रमा संवैधानिक निकायको भूमिका’ विषयक कार्यक्रममा सहभागीले केही आयोगको भूमिका प्रभावकारी देखिए पनि अधिकांश आयोगले अपेक्षितरूपमा काम गर्न नसकेको भन्दै सुधारको आवश्यकता औँल्याइयो ।

विशेषगरी निर्वाचन आयोग, लोकसेवा आयोग, मानवअधिकार आयोग, महालेखा परीक्षकको काममा निष्पक्षता र प्रश्न उठाउने ठाउँ नभए पनि विसं २०७२ को संविधान घोषणापछि स्थापना भएका आयोगको भूमिकाप्रति आम मानिसको टिप्पणी रहँदै आएको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनको समयमा आयोगका पदाधिकारी, कर्मचारीलगायत उत्तिकै व्यस्त भए पनि अरु समयमा आयुक्तले नै के काम गर्ने भन्नेजस्तो अवस्था देखिएको बताउनुभयो । उहाँले सबैले काम पाउने गरी कार्यक्षेत्र तथा योजनाको विकास र विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले आयोगहरूका बीचमा नियमित संवाद, कार्यक्षेत्रमा सहकार्य एवं अनुभव आदान–प्रदानलगायतका विषयमा सामूहिक छलफल गर्ने संयन्त्रको खोजी गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले हरेक क्षेत्रमा अधिकार र शक्तिको द्वन्द्व हुने भएकाले त्यसलाई निरुपणका लागि स्थापना भएको आयोगको काम कारबाहीलाई थप विस्तार गर्नुपर्ने बताउनुभयो । आयोगको कानुन मस्यौदाका लागि सैद्धान्तिक सहमतिसमेत प्राप्त नभएको गुनासो गर्दै उहाँले सरकारले आयोगको गाम्भीर्यता नै बुझ्न नसकेको उल्लेख गर्नुभयो ।

मधेसी आयोगका अध्यक्ष डा विजयकुमार दत्तले आफ्नो आयोगमा दुई महिनामा तीनवटा सचिव फेरिएको तथ्य पेश गर्दै भन्नुभयो, “मानवस्रोतको स्थायित्वको अभावमा काम गर्न कठिनाइ भएको छ ।” उहाँले विसं २०७२ को संविधान जारी भएपछि स्थापना भएका आयोगमाथि सुरुआतदेखि नै विभेद गरिएको बताउनुभयो ।

थारू आयोगका अध्यक्ष विष्णु चौधरीले बजेटको अभावमा अपेक्षित कार्यसम्पादन गर्न नसकिएको बताउनुभयो ।

राष्ट्रियसभा सदस्य कमला पन्तले काम गर्ने आँट र जिम्मेवारीबोध भए बजेट नै नभए पनि संविधानमा नै व्यवस्था भएका आयोगले प्रभावकारी काम गर्न सक्ने बताउनुभयो । पूर्वमन्त्री गणेश साहले समावेशी र समानुपातिक प्रतिनिधित्वका लागि स्थापना भएका आयोगले प्रभावकारी नीति र कार्यक्रम बनाएर लागू गर्नुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा प्रतिनिधिसभाका निवर्तमान सदस्य छक्कबहादुर लामा र शेरबहादुर तामाङले आयोगहरूको भूमिका विस्तार गर्नुपर्ने बताउनुभयो ।

# यस वर्ष काठमाडौँबाट बढी यात्रु बाहिरिने

काठमाडौँ, ६ असोज (रासस) ।
दसैँ, तिहार, छठलगायतका चाडपर्वका लागि काठमाडौँ उपत्यकाबाट गत वर्षभन्दा बढी यात्रु बाहिरिने भएका छन् । नजिकिँदै गरेका चाडपर्वलाई लक्षित गरी खुलाइएको अग्रिम टिकट बिक्रीका आधारमा पनि यस वर्ष बढी बाहिरिने जनाइएको छ । गत वर्षमा झण्डै १० लाख हाराहारीमा यात्रु उपत्यकाबाट बाहिरिएकोमा यस वर्ष त्योभन्दा दोब्बर सङ्ख्यामा बाहिरिने अनुमान राष्ट्रिय यातायात व्यवसायी महासङ्घ नेपालका उपाध्यक्ष रामप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

अहिले चहलपहल बढेको छ र घटस्थापनापछि अझै पनि बढ्नसक्छ । उहाँले भन्नुभयो, “चुनावी चहलपहल र कोरोना कम भएकाले यस वर्ष बढ्नसक्छ ।” सरकारले १० गतेबाट २५ ठाउँमा यात्रु सहायता कक्षको व्यवस्था गर्न लागिएको छ । तोकिएकोभन्दा फरक भाडा लिँदा वा कुनै पनि किसिमको दुर्व्यवहार हुँदा सम्पर्कमा राख्न उपाध्यक्ष सुवेदीले यात्रुलाई अनुरोध गर्नुभयो । ठाउँठाउँमा कुनै पनि समस्या हुँदा सम्पर्क गर्नका लागि प्रहरी र महासङ्घको नम्बर टाँस्ने उहाँको योजनामा छ । उहाँले भन्नुभयो, “अघिल्ला वर्षमा कोभिडका कारण उत्साहपूर्ण नभएकाले यो वर्ष केही उत्साह थपिने अनुमान छ ।”

चितवानसम्म सडकको अवस्था राम्रो भए पनि बुटवाल–नारायणगढ सडक नाजुक भएकाले आवतजावत गर्न अप्ठ्यारो भएको जनाइएको छ । अहिले नारायणगढबाट बुटवलसम्म पुग्नका लागि नै पाँच घण्टा लाग्ने अवस्था छ । उपत्यकाबाट बाहिर र बाहिरका जिल्लाबाट उपत्यका प्रवेश गर्ने यात्रुका लागि सरकारले गत शनिबारबाट अग्रीम टिकट खुलाइएको छ । यातायात व्यवस्थापनलाई सहज बनाउनका लागि सार्वजनिक यातायात सेवा प्रदायकले मध्यम तथा लामो दूरीमा अग्रिम टिकट खुलाएको हो ।

विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, ट्राफिक प्रहरी, यातायात व्यवसायी सम्मिलित भदौ २२ गतेको बैठकले सो निर्णय गरेको थियो । यात्रुको सहजतालाई ध्यान दिएर अनलाइन बुकिङको व्यवस्था मिलाउने र यात्रुलाई छुट र सहुलियत प्रदान गर्ने निर्णय भएको थियो । कोभिड–१९ माहामारीलाई मध्यनजर गर्दै मास्कको प्रयोग अनिवार्य गरिएको विभागले जनाएको छ । उपत्यका भित्रने र बाहिरिने सवारीसाधनको विभाग, ट्राफिक प्रहरी, उपभोक्ता मञ्च, व्यवसायी, मजदुरसँग सहकार्य गरेर प्रभावकारी अनुगमनको व्यवस्था गर्ने बताएको छ ।

सुरक्षित रूपमा यात्रु घर जानसक्ने वातावरण बनाउन यातायात व्यवस्था विभाग, सडक विभाग, ट्राफिक प्रहरीलगायत सबै लाग्न जरुरी रहेको वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले बताउनुभयो । उहाँले सबै क्षेत्रले यात्रुबाहक सवारीसाधनलाई पहिलो प्राथमिकतामा दिएर त्यसपछि मात्रै निजी र मालबाहक सवारीसाधनलाई दिनुपर्ने बताउनुभयो । अहिले अति आवश्यक पर्ने सामान ल्याउने बाहेक अठार र बीस चक्के सवारीसाधन चल्नुहुँदैन । यातायात व्यवस्था विभागले १५ गतेबाट यी मालबाहक सवारीसाधन रोक्ने निर्णय गरेको छ ।

विभागले यात्रुको जानकारी लागि ठाउँठाउँमा भाडाको दर राख्नुपर्ने विभागले जनाएको छ । सामान्य, डिलक्स, सुपर डिलक्स र एसी गाडी चार थरीका गाडीमा तोकिएको भाडा लिन जनाइएको छ । यात्रुले तोकिएको ठाउँमा नै गएर टिकट काट्दा मात्रै ठगिनबाट बच्न सक्नेछन् । विभागले १४ ठाउँमा नागरिक सहायता कक्षको व्यवस्था गर्ने भएको छ । त्योसँगै सडक राम्रो बनाउन समन्वय गर्ने, ट्राफिक व्यवस्थापन विभागको काम हो । यातायात व्यवसायीले भएका सवारीसाधनमार्फत यात्रुलाई गन्तव्यसम्म पुर्‍याउने वरिष्ठ उपाध्यक्ष सिटौलाले बताउनुभयो ।

यसवर्ष नयाँ सवारीसाधन नआएकाले हाल भएकालाई व्यवस्थापन गर्ने महासङ्घले जनाएको छ । शनिबारदेखि नै टिकट लिन थालेपनि असोज १० गतेबाट धेरै यात्रु जानेछन् । हाल भएका यात्रुमध्ये कोही अहिलेबाट नै जान थाल्छन् भने कोही घटस्थापनादेखि जाने र सबैभन्दा बढी चाप फूलपातीपछि हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “फूलपातीपछि अति धेरै चाप हुन्छ ।”

यात्रु सजिलो रूपमा आवतजावत गर्न सबैले आ–आफ्नो भूमिका निभाउनुपर्ने उहाँले बताउनुभयो । व्यवसायी, मजदुर र ट्राफिक, विभागले भूमिका निभाएपछि मात्रै यात्रु सुरक्षित रूपमा गन्तव्यसम्म पुग्न सक्ने उहाँले बताउनुभयो । सरकारले अनलाइन टिकट सुरु गरेपनि त्यसको प्रयोग अपेक्षाअनुसार बढ्न सकेको छैन । पहिलेभन्दा केही बढेपनि अझै व्यवस्थित हुन नसकेको वरिष्ठ उपाध्यक्ष सिटौलाले बताउनुभयो । अहिलेको समयमा सधैँ यात्रु लाममा लागेर नहुने भए पनि सरकारले अनलाइन टिकटलाई प्रभावकारी बनाउन सकिरहेको छैन ।

प्रविधिको विकासदेखि सडक मर्मतका विषयमा समयमा नै सुरु गर्नुपर्ने भए पनि चाडपर्व नजिकै आएपछि मात्रै सबै पक्षले ध्यान दिने उहाँले बताउनुभयो । यात्रुले काउन्टरमा टिकट काटेपछि हेरेर मात्रै हिँड्नुपर्ने उहाँले बताउनुभयो । आफू जाने ठाउँ, मिति मागेको सिट हो–होइन तत्काल हेरेर सच्याउनुपर्ने उहाँले सुझाव दिनुभयो । दसैँ, तिहार, छठसँगै निर्वाचनमा जाने यात्रुहरू यो अवधिमा बाहिरिने महासङ्घले जनाएको छ । सडकमा रहेका खाल्डाखुल्डी र पहिरो पन्छाउन ‘हेभिइक्युपमेन्ट’ ठाउँठाउँमा राख्न वरिष्ठ उपाध्यक्ष सिटौलाले सडक विभागलाई अनुरोध गर्नुभएको छ ।

यस वर्ष वर्षाले गर्दा देशभरका धेरै सडकमा खाल्डाखाल्डी रहेका छन् । वर्षा नरोकिएकाले ठाउँठाउँमा पहिरोका कारण अहिले पनि सडक अवरुद्ध भइरहेको उहाँले बताउनुभयो । काठमाडौँबाट सदरमुकाम गएर त्यहाँबाट यात्रु गाउँगाउँमा जानुपर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “गाउँका पहाडी भेगका सडक पनि त्यहाँका डिभिजन सडक कार्यालयले खाल्डा पुर्ने, अवरोध हटाउने र सवारीसाधन चल्न सक्ने बनाउनुपर्छ ।”


## डा. ललन प्रसाद रौनियार
## Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## डा. सरोज कुमार साह
## Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## डा. कालीप्रसाद यादव
## Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८४२८२०९३५

# दिगो विकासका लागि सामाजिक संस्थाको भूमिका आवश्यक : प्रधानमन्त्री देउवा

काठमाडौँ, ६ असोज (रासस) । प्रधानमन्त्री शेरबहादुर देउवाले समाज कल्याणको माध्यमबाट मुलुकका उत्पीडित पिछडिएका समुदायको उत्थान र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभएको छ । उहाँले सामाजिक सेवामार्फत पछि परेका उत्पीडित असाहय वर्ग र समुदायलाई विकासको मूल प्रवाहमा ल्याउन सकिने भन्दै यसले समाजमा ठूलो रुपान्तरण ल्याउन सकिने बताउनुभयो ।

त्रिचालिसौँ सामाजिक सुरक्षा दिवसको मूल समारोहलाई बिहीबार सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले दिगो विकास र आवधिक लक्ष्य प्राप्तिका लागि सरकार गैरसरकारी सङ्घसंस्थासँग समन्वयात्मक ढङ्गले काम गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले सामाजिक संस्थाको लगानी र भूमिकालाई व्यवस्थित र पारदर्शी बनाउँदै प्राथमिकताका क्षेत्रमा सक्रियतापूर्वक परिचालन गरिनुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री देउवाले सामाजिक सङ्घसंस्थाहरू नतिजामुखी हिसाबले सञ्चालन गर्नु आवश्यक रहेको भन्दै परिषद्लाई आवश्यक सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

सामाजिक सेवाभावको पवित्र उद्देश्यले स्थापना भएको समाज कल्याण परिषद्ले बहुआयामिक क्षेत्रमा महत्वपूर्ण काम गर्दै आएको बताउँदै उहाँले सामाजिक सङ्घसंस्थालाई देश र समाजप्रति उत्तरदायी बनाएर नतिजामुखी हिसाबले सञ्चालन गर्नु आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "समाजसेवा पवित्र र पुण्य कार्य हो । समाजका दिनदुःखी अशक्त र सामाजिक आर्थिक दृष्टिकोणले पछि परेका वर्ग, समुदायको उत्थान र विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको महत्वपूर्ण भूमिका रहेको छ, यसलाई आगामी दिनमा थप प्रभावकारी बनाउन जरुरी छ ।"

प्रधानमन्त्री देउवाले सामाजिक सेवाको माध्यमबाट समाजमा पछि परेका समुदायलाई विकासको मूल प्रवाहमा ल्याउनुका साथै उनीहरूको सामाजिक, आर्थिक सशक्तीकरणमा महत्वपूर्ण योगदान गर्न सामाजिक सेवा आवश्यक रहेको बताउनुभयो । उहाँले सामाजिक भावकासाथ सेवा प्रवाह गर्न र यसप्रति नयाँ पुस्तालाई आकर्षित गर्न सबैले निःस्वार्थभावले एकताबद्ध भई समाजको वृहत्तर हित, कल्याण एवं उत्थानका लागि लाग्नुपर्नेमा जोड दिनुभयो ।

देउवाले गैरसरकारी सङ्घसंस्थालाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउँदै राष्ट्रिय आवश्यक्ता र प्राथमिकताका क्षेत्रमा संलग्न गराउने गरी देशको नीति तथा कार्यक्रम तर्जुमा गर्न पनि आग्रह गर्नुभयो ।

प्रधानमन्त्री देउवाले गैरसरकारी संस्थाहरूले आफ्ना क्रियाकलाप सञ्चालन गर्दा जनसहभागिता, दिगोपना, मितव्ययिता, स्थानीय आधारमुखी श्रम, सीप र प्रविधिको अत्यधिक उपयोगलाई प्रोत्साहन गर्नसके गैरसरकारी संस्थाको आवश्यक्ता र अपरिहार्यता बढ्ने बताउनुभयो ।

जुन उद्देश्यले सामाजिक संस्था स्थापना भएका छन्, आर्थिक पारदर्शिता अपनाएर सहर केन्द्रितभन्दा पनि दुर्गम गाउँसम्म पुगेर जनताको सेवामा सक्रिय हुनुपर्नेमा उहाँको जोड थियो ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले नेपालको आर्थिक, सामाजिक विकासमा सामाजिक संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको भन्दै यसलाई आगामी दिनमा थप प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो । उहाँले परिषद्मार्फत हुने सेवा प्रवाहलाई छिटो-छरितो र सहज बनाउन विद्युतीय प्रणाली अवलम्बन गरेको जानकारी दिनुभयो ।

सामाजिक सेवा दिवसका उपलक्षमा समाज कल्याण परिषद्ले भृकुटीमण्डप परिसरमा समारोह आयोजना गरेको हो । यो वर्ष 'दिगो विकास र आवधिक लक्ष्य प्राप्ति राष्ट्रिय अभियान, समावेशी समाज निर्माणमा सङ्घसंस्थाको योगदान' भन्ने नाराका साथ सामाजिक दिवस मनाइएको छ ।

गैरसरकारी सामाजिक क्षेत्रलाई सङ्गठित गर्ने उद्देश्यले विसं २०४३ असोज ६ गते स्थापना भएको समाज कल्याण परिषद्को वार्षिकोत्सवका दिन हरेक वर्ष सामाजिक सेवा दिवस मनाइँदै आएको छ ।

# बीस वर्षे सवारी हटाउने व्यवस्था सच्याउन माग

काठमाडौँ, ६ असोज (रासस) । यातायात क्षेत्रका मजदुरले २० वर्ष गुडेका सवारीको व्यवस्थापनका लागि ल्याइएको कानून अवैज्ञानिक र अव्यावहारिक रहेको भन्दै सो व्यवस्था सच्याउन माग गरेका छन् ।

बिहीबार पत्रकार सम्मेलन आयोजना गर्दै स्वरोजगार यातायात मजदुर सङ्गठन आबद्ध मजदुरले उक्त व्यवस्थाले व्यवसायी र मजदुरलाई मर्कामा पारेको जनाएका हुन् । बीस वर्षे सवारीसाधन हटाउने नीतिका कारण गत असार मसान्तसम्म मात्रै साविकका छ वटा अञ्चलका आठ हजार नौ वटा सवारीसाधन चल्न नपाउने अवस्थामा पुगेको सङ्गठनका अध्यक्ष खड्गबहादुर गिरीले जानकारी दिनुभयो ।

यसमध्ये साविकको मेची अञ्चलमा दर्ता भएका दुई हजार एक सय २१, कोसीका सात सय २८, जनकपुरका पाँच सय १६, नारायणीका एक हजार ७२, बाग्मतीका एक हजार एक सय ४३ र गण्डकीका एक हजार चार सय २७ सवारीसाधन विस्थापित हुने अवस्थामा पुगेको उहाँको भनाइ छ । बाँकी आठ वटा अञ्चलमा समेत गरी यो संख्या १० हजार भन्दा बढी भएको बताइन्छ । आगामी दिनमा यी सबै साधन सञ्चालन नहुँदा करिब १० हजार मजदुरले रोजगारी गुमाउने र त्यसबाट आश्रित झण्डै ५० हजार व्यक्ति प्रभावित हुने अध्यक्ष गिरीले बताउनुभयो । ती सवारीसाधन प्रतिस्थापन गर्न ६२ देखि ७३ लाख रुपैयाँसम्म पर्ने भएकोले त्यो तत्काल सम्भव समेत नरहेको उहाँको दावी छ ।

**'सरकारले सहुलियत दिएन'**

२०५६ सालमा सरकारले पेट्रोलबाट चल्ने टेम्पो विस्थापन गर्न कर छुटको नीति ल्याएको थियो । तर, त्यसरी टेम्पो विस्थापन गरेर सफा टेम्पो ल्याएका कसैले पनि यस्तो छुट नपाएको सङ्गठनको दाबी छ । पछिल्लो समय पनि सरकारले कर छुटको कुरा गरे पनि कानूनी र व्यवहारिक रुपमा कुनै व्यवस्था समेत नगरेको उहाँले बताउनुभयो ।

सरकारले २०७१ असोजदेखि सार्वजनिक सवारी साधनमा २० वर्षे हदम्यादको नीति लागू गरेको थियो । पछि सो अवधिलाई बढाएर २०७३ फागुनदेखि यो नीति कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

# पूर्व प्रहरी महानिरीक्षक खनाल एमालेमा प्रवेश

काठमाडौँ, ६ असोज (रासस) । नेकपा (एमाले) मा नेपाल प्रहरीका पूर्व प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल प्रवेश गर्नुभएको छ । ललितपुरस्थित पार्टी मुख्यालयमा बिहीबार यहाँ आयोजित कार्यक्रममा एमाले अध्यक्ष केपी ओलीले उहाँलाई एमालेमा प्रवेश गराउनुभएको हो ।

पूर्व प्रहरी महानिरीक्षक खनालसँगै विवेकशील साझा पार्टीका संस्थापक अब्दुस मियाँ, जनता समाजवादी पार्टी (जसपा)का नेता होरीलाल चौधरीलगायत एमालेमा प्रवेश गर्नुभएको हो । पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष ओलीले देशका लागि काम गर्ने पार्टी भएकोले निर्वाचनमा जिताउन आग्रह गर्नुभयो । उहाँले एमाले जनताका समस्या र भावनालाई सम्बोधन गर्ने एकमात्र पार्टी रहेको बताउनुभयो ।

एमालेका महासचिव शङ्कर पोखरेलले नेपाली जनताको हक स्थापित गर्ने पार्टी एमाले मात्र रहेकोले आगामी निर्वाचनमा एमालेलाई जिताउन आग्रह गर्नुभयो ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### सुडानमा बाढीबाट एक सय छयालीसको मृत्यु

खार्तोम, ६ असोज (रासस/सिन्हवा) ।

सुडानमा हालै आएको बाढी र पहिरोबाट ज्यान जानेको सङ्ख्या एक सय ४६ पुगेको छ । यहाँको नेसनल काउन्सिल फर सिभिल डिफेन्सले अरु केही व्यक्ति हराइरहेका समाचारमा जानकारी दिएको हो ।

यही सेप्टेम्बर महिनाको २१ तारिख अर्थात् बुधबारसम्ममा बाढी पहिरोबाट ज्यान जाने नागरिकको सङ्ख्या एक सय ४६ पुगेको जानकारी बुधबार जानकारी दिएको छ ।

हालै यहाँ आएको बाढीले पाँच हजारभन्दा बढी घर बगाएको छ भने अरु सात हजार घरमा क्षति पुगेको छ । यहाँको उत्तरी क्षेत्रका दुई सय ५० भन्दाबढी गाउँमा बाढीले क्षति पुऱ्याएको बताइएको छ ।

बाढीबाट दशौँ हजार हेक्टर जमिनको खेती नष्ट गरिदिएको छ भने सार्वजनिक यातायात तथा भौतिक संरचनामा क्षति पुऱ्याएको छ ।

यो बाढीबाट गएको जुन महिनादेखि यहाँ कम्तीमा पनि एक लाख ३६ हजार व्यक्ति प्रभावित हुनपुगेका छन् । उनीहरुमध्ये आधाभन्दा बढीको त घर ध्वस्त भएकाले विस्थापित भएका छन् ।

### बाढी प्रभावित पाकिस्तानी क्षेत्रमा डेङ्गुको प्रकोप बढ्दो

इस्लामावाद, ६ असोज (रासस/सिन्स्वा) ।

पाकिस्तानका बाढी प्रभावित क्षेत्रमा डेङ्गुको प्रकोप बढेको छ । अधिकारीले यहाँका बाढी प्रभावित क्षेत्रमा डेङ्गुको प्रकोप बढ्दै गएको जानकारी दिएका हुन् ।

पाकिस्तानका विशेषगरी पछिल्लो समयमा यस वर्षको मनसुनबाट क्षति भएका क्षेत्रमा डेङ्गुको ज्वरोले धेरै मानिस बिरामी परेका बताइएको हो ।

यहाँको सबैभन्दा धेरै बाढी प्रभावित प्रान्त सिन्धमा नै डेङ्गुले पनि सताएको बताइएको छ । यहाँका स्वास्थ्य अधिकारीले दिएको जानकारीमा गएको २४ घन्टा यतामात्र यहाँका तीन सय २३ जनालाई डेङ्गु लागेको छ ।

यसपछिको प्रभावित क्षेत्र कराँची पनि हो । कराँचीमा मात्र यहाँ गएको २४ घन्टामा दुई सय ६० जनामा यसको सङ्क्रमण देखिएको छ ।

कराँची पनि यस वर्षको मनसुनी वर्षाबाट बढी प्रभावित क्षेत्र हो । सेप्टेम्बर महिनामा मात्र सिन्धमा करिब चार हजार जनामा डेङ्गुको सङ्क्रमण भएको थियो । यहाँ अहिलेसम्म छ हजारजनाभन्दा बढीमा यो प्रकोप देखिएको सिन्ध प्रान्तको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन् ।

ती अधिकारीका अनुसार बाढी प्रभावित भएर घरबारबिहीन हुनपुगेका नागरिकमा यस्तो प्रकोप देखिएको पाइएको समाचारमा जनाइएको छ ।

यहाँको खैबर पाख्तुन्ख्वामा पनि डेंगुको प्रकोप बढ्दो देखिएको छ । यहाँ पनि यसवर्ष मात्र कम्तीमा पाँच हजार जनामा यो सङ्क्रमण देखिएको खैबरको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन् ।

### जी-७ द्वारा रुसको बढ्दो कदमको निन्दा

संयुक्त राष्ट्रसङ्घ, ६ असोज (रासस/एएफपी) ।

जी-७ का विदेश मन्त्रीहरुले युक्रेनमा युद्धका लागि आंशिक सेना परिचालन गर्ने राष्ट्रपति भ्लादिमिर पुटिनको कदमपछि रुसविरुद्ध थप प्रतिबन्ध लगाउने बताउनु भएको छ ।

सात समूहका मन्त्रीले रुसको यस बढ्दो कदमको निन्दा गरेको छ । यस सेनाको आंशिक परिचालन र गैरजिम्मेवारपूर्ण आणविक हतियार समावेश रहेको विदेश मन्त्रीद्वारा जारी विज्ञप्तिमा बुधबार जनाइएको छ ।

जी-७ ले अझ थप लक्षित प्रतिबन्ध पछ्याउने र रुसमाथि निरन्तर आर्थिक र राजनीतिक दबाब दिन प्रतिबद्ध रहेको संयुक्त राष्ट्रसङ्घ महासभाको बैठकपछि बताएका छन् ।

'हामी अध्ययन गर्नेछौं, हामी नयाँ प्रतिबन्धात्मक उपाय अपनाउनेछौं, व्यक्तिगत र क्षेत्रगत दुवै,' बैठकमा भाग लिने ईयू विदेश नीति प्रमुख जोसेप बोरेलले आफ्ना युरोपेली सहकर्मीसँगको बैठकपछि बुधबार पत्रकारलाई भन्नुभएको छ ।

क्यानडा, संयुक्त राज्य अमेरिका, फ्रान्स, जर्मनी, इटाली, जापान र बेलायतका जी-७ मन्त्री, साथै युरोपेली सङ्घका शीर्ष कूटनीतिज्ञले पनि कब्जा गरिएको डोनबासमा 'सार्वभौम युक्रेनी भूमिमा झुटो जनमत सङ्ग्रह' गर्ने योजनाको निन्दा गर्नुभएको छ ।

रुसी सेनाको उपस्थितिमा मतदान स्वतन्त्र वा निष्पक्ष हुन नसक्ने पनि उहाँहरुले थप जानकारी दिनुभएको छ ।

उहाँहरूले रुसलाई हालैका हप्तामा आक्रमणको निशाना बनेको जापोरिझिया आणविक उर्जा केन्द्रको युक्रेनलाई नियन्त्रण फिर्ता दिन पनि आह्वान गर्नुभएको छ ।

# 'डेङ्गु नियन्त्रणका लागि 'खोज र नष्ट गर' अभियान सञ्चालन'

काठमाडौँ, ६ असोज (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङले डेङ्गु रोग नियन्त्रण गर्न देशभर 'खोज र नष्ट गर' अभियान सञ्चालन गरिएको बताउनुभएको छ। डेङ्गु नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालयअन्तर्गत महाशाखा प्रमुखको नेतृत्वमा स्थानीय तहसँगको समन्वयमा वडासम्म नै उक्त अभियान सञ्चालन गरिएको उहाँले स्पष्ट पार्नुभयो।

रिपोर्टर्स क्लब नेपालमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री खापुङले भन्नुभयो, "सबैभन्दा धेरै जनतासँग जोडिने स्थानीय तहको पनि वडामा जनप्रतिनिधिको नेतृत्वमा 'खोज र नष्ट गर' अभियान सञ्चालन गर्न सकेमा अझ बढी प्रभावकारी हुने हाम्रो बुझाइ छ। सोहीअनुसार नियन्त्रणका लागि अगाडि बढेका छौँ।"

प्रत्येक शनिबारको बिहान उक्त अभियान सञ्चालन गर्न आमनागरिकलाई पनि आह्वान गर्दै आएको उहाँले सुनाउनुभयो। "आफ्नो घर, छर-छिमेक, गमला, खाल्डाखुल्डी, पानी जमेका ठाउँ खोजेर नष्ट गर्ने अभियानमा सहभागिता जनाउन मन्त्रालयबाट सम्पूर्णलाई आह्वान गरिएको छ", उहाँले भन्नुभयो। डेङ्गु नियन्त्रणका लागि विद्यालय, होटल एशोसिएशनसँग छलफल गरेर अभियान सञ्चालन गर्नेबारे छलफल भइरहेको उहाँको भनाइ छ। डेङ्गुका बिरामीलाई उपचार गर्न सबै अस्पताल 'अपडेट' गराएको उहाँले जानकारी दिनुभयो। सिटामोल अभावबारे औषधि उत्पादकसँग पटकपटक छलफल गरिएको र बजारमा औषधि अभाव हुन नदिन समझदारी निर्णय भएको उहाँले स्पष्ट पार्नुभयो। डेङ्गु रोग नियन्त्रणका लागि जनचेतना अभियान सञ्चालन भएका छन।

डेङ्गुले बिहान र बेलुका बढी टोक्ने भएकाले विशेष गरि दिउँसो शरीर ढाक्ने लुगा लगाउन आग्रह गर्दै उहाँले भन्नुभयो, "लामखुट्टे नियन्त्रण गर्नु यसको सबैभन्दा पहिलो उपाय हो। घर बाहिर निस्कदा, यताउता हिँड्दा पूरै जीउ ढाक्ने लुगा लगाउनुपर्छ, सकेसम्म आफैँ सचेत हुनुपर्छ।"

# सेभ द सप्तरीको २३ औ सधारण सभा सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ६ असोज।**

सेभ द सप्तरीको २३ औ सधारण सभा बिहीबार राजविराजमा सम्पन्न भएको छ।

आयोजित सधारण सभा कार्यक्रमका प्रमुख अतिथि तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण मण्डलले सेभ द सप्तरीले जिल्लाको अतिपिछडिएको वर्गहरुको लागि बरदान नै सावित भएको बताए। उनले यस संस्थाले गाउँघरमा रहेको निमुखा समुदायिको स्तरबृद्धि गरेर राम्रो काम गर्दै आएको उल्लेख गरे।

समाज परिर्वतनमा सेभ द सप्तरीले ठूलो भुमिका खेलिरहेको भन्दै शिक्षा, स्वास्थ्य, लघुउद्यम बिकास, किशोरकिशोरी मैत्री र कृषि क्षेत्रमा लगानी गरेर मानव सेवा गर्दै आइरहेको बताए। अगामी दिनमा यस संस्थाले जिल्ला भरिकै शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रको बिकासमा लाग्नुपर्ने सुझाव पनि दिए।




कार्यक्रममा संस्थाका अध्यक्ष धुव्र प्रसाद देवले सेभ द सप्तरीले बिगत २३ बर्षदेखि समाजिक क्षेत्रमा काम गर्दै आएको उल्लेख गरे। सधारण सभाको लेखा परीक्षण कार्यपत्र प्रस्तुत गर्दै उनले सेभ द चिल्ड्रेनको सहयोगमा समून्नती कार्यक्रम अर्न्तगत सन् २०१३ देखि मातृ तथा नवजात शिशु, मेरो पहिलो बच्चा, बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, बालबिकास कार्यक्रम, आधारभुत शिक्षा, किशोरकिशोरी बिकास कार्यक्रम, जीबिकोपार्जन कार्यक्रम लगायत संचालनमा रहेको बताए।

बालबालिकाहरुलाई गुणस्तरीय शिक्षामा पहुँच बढाउने उद्देश्यका साथ संचालित कार्यक्रममा स्वास्थ्य, तथा सरसफाई सम्बन्धि जिल्लाको राजविराज नगरपालिका वडा नं. १, ५, १४, १५ र १६ तथा छिन्नमस्ता गाउँपालिका, बिष्णुपुर, गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका सम्पुर्ण वडाहरुमा यस्ता कार्यक्रमहरु संचालमा रहेको जानकारी दिए।

आर्थिक बर्ष २०७८/०७९ मा रु ६ करोड ७ लाख ४२ हजार ८ सय १६ रुपैया खर्च गरेर जिल्लाको राजविराज नगरपालिका वडा नं. १, ५, १४, १५ र १६ तथा छिन्नमस्ता गाउँपालिका, बिष्णुपुर, गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकाकामा बिभिन्न कार्यक्रमको आयोजना गरिएको जानकारी पनि दिए।

यस्तै वर्ल्ड ऐजुकेशनको सहयोगमा सेभ द सप्तरीले सक्रिय परियोजना अर्न्तगत बालश्रम निवारका लागि सन २०१९ अक्टुरवरदेखि जुलाई २०२२ सम्म कार्यक्रम कार्यान्वयन गरि ती पालिकाहरुमा समेत बिभिन्न कार्यक्रम संचालन गरिएको थियो। यस परियोजना अर्न्तगत आर्थिक बर्ष २०७८/०७९ मा प्राप्त रु ३७ लाख ९७ हजार ८ सय ३ रुपैया खर्च भएको कार्यपत्रमा उल्लेख छ।

कार्यक्रममा कमलेश्वरी कृषक समुहका कृषि सल्लाहकार अरूण साह, गजेन्द्र नारायण सिँह अस्पतालका पुर्व मेडिकल सुपरिटेन्डेन डा. रंजित झा, प्रअ राजकुमार मंडल, प्रहरी उपरिक्षक अविनारायण काफले, लघुउद्यमी शयम कुमार मडल, छिनमस्ता गउपालिका स्वास्थ्य संयोजक बलदेश्वर चौधरी, तिलाठी कोइलाडी गउपालिका स्वास्थ्य संयोजक शैलेश मिश्र, राप्राबि कट्टीका प्रअ रामचन्द्र यादव, बिष्णुपुर गाउँपालिकाका शिक्षा संयोजक अर्जुन यादव, कृषि ज्ञान केन्द्रका योजना अधिकृत सुकदेव राउत, तिलाठी कोइलाडी गाउँपालिकाका कृषि संयोजक उदायकान्त झा, शिक्षा बिकास समन्वय एकाई समितिका प्रमुख राजदेव यादव र गैसस महासंघका अध्यक्ष बलदेव मंडल, छिनमसता गाउपीलका अध्यक्ष, बिद्ययानन्द चौधरी, सबल नेपालका अध्यक्ष जुना गिरी, नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव सहितकाले शुभकामना मतब्य ब्यक्त गरेका थिए।

सेभ द सप्तरीको अध्यक्ष धुव्र प्रसाद देवकै अध्यक्षता आयोजित सधारण सभामा बिशिष्ट अतिथि : सेभ द चिल्ड्रेनका नर्मदा थापा, नेपाली सेनाका गणपति दुर्गाबहदुर थापा, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षक अविनारायण काफ्ले र नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवणकुमार देव लगायतकालाई दोसाला ओढाएर सम्मान गरिएको थियो।

**चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।**

***दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं***

नेपाल सरकार
विज्ञापन बोर्ड

**भर्ना खुल्यो। भर्ना खुल्यो॥ भर्ना खुल्यो॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था।
- औषधी पसलको लाइसेन्स लिन पाउने।
- OJT को विशेष व्यवस्था भएको।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →
iPay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*